सुचना प्रकाशित मिति: २०८३/७/२०

विषयः आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस आयोगको मिति २०८३/७/१९ गतेको निर्णय बमोजिम आयोजना बैंक व्यवस्थापन प्रणाली सम्बन्धी देहाय बमोजिम पूर्व तयारी गर्न यो सूचना सबै सरोकारवालाहरुको (मन्त्रालय/निकाय/ आयोग/ कार्यालय/ स्थानीयतह र अन्य सम्बन्धीत) जानकारीका लागी प्रकाशन गरिएको छ ।

<u>देहायः</u>

क. यसअघि सम्बन्धित निकाय तथा कार्यालयबाट आयोजना बैंकमा प्रस्ताव भई समावेश भएका तर आ.व. २०८३/८४ को बजेटमा समावेश हुन नसकेका आयोजनाहरूको आवश्यकता, औचित्य, प्राथमिकता, लागत, कार्यान्वयन अवधि, तयारी अवस्था तथा कार्यान्वयनयोग्यताको पुनरावलोकन र अध्यावधिक गर्नहुन,

ख. पुनरावलोकनपछि आवश्यकता समाप्त भएका, दोहोरो परेका, प्राथमिकतामा नरहेका वा कार्यान्वयन सम्भावना नरहेका आयोजनालाई पुनः प्रस्ताव नगरी उपयुक्त, प्राथमिकतायोग्य र कार्यान्वयनयोग्य आयोजनालाई मात्र अध्यावधिक विवरणसहित पुनः प्रस्ताव गर्ने तयारी गर्नहुन,

ग. आवश्यकताका आधारमा नयाँ आयोजनाहरू पहिचान, वर्गीकरण, प्राथमिकता निर्धारण तथा पूर्व सम्भाव्यता अध्ययनको पूर्वतयारी गर्नहुन,

घ. नयाँ वा पुराना दुवै प्रकारका आयोजनाको प्रस्ताव तयार गर्दा प्रदेशको दोस्रो आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, सम्बन्धित क्षेत्रको प्राथमिकता, प्रदेश सरकारको कार्यक्षेत्र, उपलब्ध स्रोत तथा साधन र अपेक्षित प्रतिफललाई अनिवार्य रुपमा आधार बनाउने व्यवस्था मिलाउन हुन।

ङ. आयोजना प्रस्ताव तयारी मार्गदर्शिका तथा नमूना आयोजना प्रस्ताव उपलब्ध गराइएपछि सोहीअनुसार पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा आवश्यक कागजातसहित आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमार्फत आयोजना प्रस्ताव पेश गर्ने तयारी गर्नुहुन।